'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily
राष्ट्रिय दैनिक

वर्ष १ | अंक : ५३ | आइतवार ०४ कार्तिक, २०८१ | 20 (Sunday) October 2024 | पृष्ठ ४, | मूल्य रु : १०।-

### सहकारी ठगी प्रकरणमा
## रवि लामिछाने पक्राउको विरोधमा अधिकांश शहरहरुमा आन्दोलन

नमस्ते समचारदाता
काठमाडौं, कार्तिक/०३

सहकारी संस्थाको रकम अपचलन गरेको आरोपमा शुक्रबार राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति एवं पूर्व गृहमन्त्री रवि लामिछाने पक्राउ परेका छन् । उनलाई कास्की जिल्ला प्रहरीको अनुरोधमा जिल्ला अदालत कास्कीले पक्राउ पुर्जी जारी गरेको थियो । पक्राउ पुर्जी जारी भए पश्चात कास्की प्रहरीले काठमान्डैं प्रहरी र सिआइबिलाई समेत पत्राचार गरेर रवि लामिछानेलाई पक्राउ गर्न सहयोग मागेको थियो । काठमान्डौं प्रहरी र सिआइबिको सहयोग स समन्वयमा शुक्रबार रवि लामिछानेलाई उनकै घरबाट शुक्रबार दिउसो पक्राउ गरी त्यही राती नै स्थलमार्ग हुँदै पोखरा पुऱ्याइएको छ। पोखरामा रहेको सूर्यदर्शन सहकारी लगायतका सहकारी संस्थाहरुबाट रवि लामिछाने प्रबन्धनिर्देशक रहेको गोर्खा मिडिया नेटवर्कमा गैरकानूनी रुपमा रकम लिई



अपचलन गरेको आरोप लागेको हो। शुक्रबार रवि लामिछाने पक्राउ परे पश्चात शनिबार राष्ट्रिय स्वतन्त्र पार्टीका नेता कार्यकर्ता तथा रवि लामिछाने पक्षधरहरुले काठमान्डौं, नुवाकोट, धादिङ, चितवन, पोखरा लगायत देशका अधिकांश ठूला शहरहरुमा पक्राउको विरोधमा पदर्शनहरु गरेका छन् । प्रदर्शनमा हजारौं जनताहरुको उपस्थिति देखिएको छ । प्रदर्शकारीहरुले रवि लामिछानेलाई राजनीतिक प्रतिशोधका कारण नै वर्तमान सत्ताले पक्राउ गरेको आरोप लगाएका छन्। उनीहरुले प्रदर्शका क्रममा भनेका छन्, 'रवि लामिछाने पक्राउ पर्दा काँग्रेसका धनराज गुरुङ र एमालेका ऋषिकेश पोखेलले कसरी उन्मुक्ती पाए' । त्यसैले वर्तमान सरकार र सत्ता नेपालका सबै सहकारी गठी रवि लामिछानेले मात्रै गरेको हो जस्तो गरी लागेको आरोप लगाएका छन् । त्यस्तै रवि लामिछाने पक्राउ परेको विषयमा माओवादीले पनि विरोध गरेको छ। माओवादीका उपमहासचिव वर्षमान पुनले भने, 'रवि लामिछानेलाई जस्तै आरोप कांग्रेसका उपसभापति धनराज गुरुङजी र प्रधानमन्त्रीको दलका सांसद र लेखा समितिका सभापति ऋषिकेश पोखरेलजीलाई पनि छ', 'यसमा दोहोरो नहोस् । रवि लामिछाने माथि जे गरिएको छ, धनराजलाई पनि त्यही होस् । प्रधानमन्त्रको पार्टीका सांसद् पोखरेलजीमाथि १८ करोड हिनामिना गरेको आरोप छ । उहाँहरु सत्तापक्षमा भएकाले छानबिन गर्नु नपर्ने, त्यस्तै आरोप लागेका रवि लामिछाने प्रतिपक्षी दलको सभापति भएकाले पक्राउ गरेर थुन्नुपर्छ भन्ने हो भने त्यो प्रतिशोध हुन्छ ।' पुनले सहकारी ठगीमा मुछिएका अरुलाई पनि पक्राउ गरी अनुसन्धान गर्न माग गरे । 'कोही ठूलो, कोही सानो, कोही नजिक, कोही टाढा, कोही सत्ता पक्षको, कोही प्रतिपक्षको वा कोही सर्वसाधारण भएका आधारमा राज्यले फरक व्यवहार गर्न मिल्दैन', उनले भने, 'जतिसुकै शक्तिशाली व्यक्ति भए पनि सार्वजनिक रुपमा उठेका प्रश्नको जवाफ नेताहरुले ढिलो चाँडो दिनैपर्छ ।'

बाँकी ३ पेजमा...

## नियम विपरीत सवारी साधन चलाउने संख्या धेरै

नमस्ते समचारदाता
बाँके, कार्तिक/०३




विशेष गरी दशैंको बेला ट्राफिक नियमको उल्लंघन गरेर सवारी साधन जथाभाबी चलाउनेहरु ठुलो संख्यामा भएको पाइएको छ । प्रहरीले जिल्लामा असोज महिनामा मात्रै ट्राफिक नियम विपरीत चलेका दुई हजार ६ सय ७७ वटा सवारी साधनलाई कारबाही गरेको जिल्ला प्रहरी कार्यालय बाँकेले जनाएको छ । असोज महिनाको प्रगति विवरण सार्वजनिक गर्दै जिल्ला प्रहरी कार्यालय बाँकेले ट्राफिक नियम विपरीत चलेका दुई हजार ६ सय ७७ वटा सवारी साधनलाई कारबाही गरेर एकै महिनामा २४ लाख ४ हजार पाँच सय रुपैयाँ राजस्व सङ्कलन गरिएको जानकारी गराएको हो । प्रगति विवरण सार्वजनिक गर्दै जिल्ला प्रहरी कार्यालय बाँकेका प्रमुख एसपी तुलबहादुर कार्कीले भने, 'प्रहरीको सक्रियताकै कारण यति धेरै सवारी साधनलाई कारबाही गरिएको र सोही कारणले चाडपर्वको बेला दुर्घटना पनि कम भएको हो' । कार्किले चाडपर्वको सो अवधिमा भारतबाट अवैध आयात पनि बढ्ने अनुमान गरेर गरिएको कडाइका कारण प्रहरीले असोज महिनामा ३८ लाख ७८ हजार दुई सय रुपैयाँ बराबरको अवैध भन्सार छलीको सामान, दुई वटा मोटरसाइकल र चार जना मानिस पक्राउ गरी भन्सारमा पठाइएको बताए ।

### शान्तिपूर्ण रुपमा मतदान सम्पन्न
## १४ सय ९५ जनाले मतदान गरे

नमस्ते समचारदाता
कोहलपुर, कार्तिक/०३

शनिबार कोहलपुर उद्योग बाणिज्य संघको निर्वाचन शान्तिपूर्ण रुपमा सम्पन्न भएको छ । शनिबार बिहान ८ बजे देखि मतदान गर्ने कार्यातालिका रहेको भए पनि केही प्राविधिक व्यवस्थापन मिलाउदा थोरै ढिलो गरी मतदान शुरु भएको र निर्वाचन शान्तिपूर्ण रुपमा निर्धारित समय मै सकिएको निर्वाचन अधिकृत जगतजंग बुढाथोकीले जानकारी गराएका छन् । बुढाथोकीका अनुसार




जम्मा १ हजार ६ सय ८७ मतदाता रहेकोमा शनिबार सम्पन्न मतदानमा १ हजार ४ सय ९५ मतदाताले मतदान गरेका हुन् । बाणिज्य संघको यो निर्वाचनमा व्यवसायीहरु लोकतान्त्रिक समावेशी व्यवसायी समूह र प्रगतिसिल व्यवसायी समूह बनाई दुई समूह बिच प्रतिस्पर्धा गरेको थिए । यो निर्वाचनमा दुबै समूहले आफूले जित्ने दाबी गरेका भए पनि लोकतान्त्रिक समूह बलियो रहेको र यस पटकको परिणाम उसैको पोल्टामा पर्ने अनुमान धेरैले गरेका छन् । शनिबार राती देखि नै मतगणना भैरहेको छ । आइतबार बिहान सम्म मतगणनाको अन्तिम परिणाम समेत सार्वजनिक गरिसक्ने निर्वाचन अधिकृत बुढाथोकीले बताए ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवहान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
व्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
अदानचुली गाउँपालिका
श्रीनगर, हुम्ला

**सत्यवाणी :**

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । – नेपाल पत्रकार महासंघ

# सम्पादकीय



## जनताको फिर्ता गराउन सक्नु पर्छ ।

नेपालमा सहकारी संस्थामा जम्मा भएको जनताको रकम एक अरब भन्दा बढी भएको अनुमान छ। सहकारी संस्थाका सञ्चालकहरुले नै अपचलन गरेर बचत जम्मा गरेका सर्वसाधारण जनताले आफ्नो रकम आफूलाई चाहिएको बेला निकाल्न पाएका छैनन् । सहकारी संस्थाको रकम संस्थाकै पदाधिकारीहरु तथा उनी निकट रहेका नेताहरुले नै बढी मात्रामा अपचलन गरेको प्रमाणहरुले देखाएका छन् । कतै न कतै राजनीतिक नेतृत्वको संरक्षण नभएर संस्थाको रकम अपचलन गर्ने आँट कमैले गरेका होलान । यति बेला सहकारी ठगी प्रकरणमा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने पक्राय परेका छन् । रवि लामिछानेको भन्दा अझ बढी प्रत्यक्ष संलग्न रहेका काँग्रेस एमाले माओवादीका केही नेताहरु प्रति वर्तमान सरकार उदार देखिएको छ । अर्थात वर्तमान सरकारले सत्तापक्षकालाई चोख्याएर विपक्षकाहरुलाई कारबाहीको दण्डा चलाएको देखिन्छ । सरकारीमा आफूले बचत गरेको रकम सहकारीले खाइदियो भनेर आफ्नो रकम नपाएका बचतकर्ताहरुले आन्दोलन गर्न थालेको वर्षौं वितिसक्यो । सरकार सर्वसाधारण जनताले सहकारीमा जम्मा गरेको रकम दिलाइदिन सक्दैन । राजनीतिक प्रतिशोध साँध्नका लागि मात्रै सरकार उद्दत देखिन्छ । सहकारी संस्थाको रकम अपचलन गरेका व्यक्तिहरुलाई पक्राउ गरेर जेलमा हालेर मात्र हुँदैन । यदि देशमा सरकार छ भने सर्वसाधारण जनताको रकम फिर्ता गराउन सक्नु पर्छ। चाहे त्यो सहकारी ठगहरुको सम्पत्ति जफत गरेर होस् चाहे सरकारले सोधभर्ना गरेर होस्। तर सरकार जनताको रकम फिर्ता गराउने भन्दा पनि आफ्नो राजनीतिक रोटी सेक्ने दाउमा लागिरहेको आभास हुन्छ । जब सरकारले सहकारी संस्थामा जम्मा गरेको सर्वसाधारण जनताको रकम जनतालाई एक/एक हिसाब गरेर फिर्ता गराउन सक्छ त्यति बेलामा मात्र जनताको सरकार ठहरिने छ।

# स्वस्थ्य रहन नुन कति खाने

**प्रवीनकुमार यादव**

एसियाली सभ्यतालाई समुन्नत तरिकाले हेर्ने चिनियाँ दर्शनका किरण विश्व सभ्यतामाझ प्रक्षेपण हुनु अनौठो थिएन । चिनियाँ औषधी विज्ञानको अभिलेख अनुसार चीनमा आकाशमुनिका मानव समुदाय, प्राणीको सुस्वास्थ्यका लागि ईसापूर्व ३६०० वर्ष अगाडिदेखि समुद्री शैवाल (सी विड), जलेको समुद्री स्पोन्जलाई अवशोषित गर्ने प्रक्रियाबाट शरीरमा गलगाँडका आकार घटाइरहेकै थिए । यस्तो लाभदायक प्रविधिको सुरुवाती चरणले संसारमा पहिलो पटक गलगाँडको आकार घटाउने जग बसालिसकेको थियो । एसियाली (पूर्वेली) सभ्यताको उर्वर भूमियुक्त चिनियाँ परम्परागत समुद्री आयुर्वेदिक प्रणालीको पदचिह्न पछ्याउँदै ग्रिसेली फिजिसियन हिप्पोक्रेट्स (जन्मः ई.पू. ४६०) ले पनि गलगाँडको आकार घटाउने मेडिसिनलाई अनुसरण नगरी सुखै पाएनन् । पश्चिमा सभ्यताको उर्वर भूमियुक्त ग्रिसेली हिप्पोक्रेटिक पदचाप पछ्याउँदै जे.एफ. कोइन्डेटलगायतका वैज्ञानिकले पनि यसअघि गलगाँडको उपचारका लागि जलेको स्पन्ज, समुद्री शैवालको प्रयोग नगरेका होइनन् । बर्नाड कुर्टोइस, कोइन्डेट, गे-लुस्साकलगायतका वैज्ञानिकको सन् १८११ देखि सन् १८१३ सम्मको अनुसन्धानका बाबजुद चातुर्यतापूर्वक आयोडिनलाई नयाँ तत्वका रूपमा परिभाषित गरेकै हुन् । उनीहरूले समुद्री आयोडिनबाट गलगाँडलगायतका स्वास्थ्य समस्या निदान गर्न सकिने लाभदायक निष्कर्ष निकाले । यस्तो समस्या देखेपछि सन् १८३० मा जिन बापटिस्टलगायतका वैज्ञानिक, चिकित्सकले सोडियम र क्लोराइडको कम्पोजिसनमा आयोडिनको आवश्यक मात्रा मिसाएर दैनिक खाद्य वस्तुमार्फत मानिसलाई आयोडिनयुक्त नुन वितरण गर्न सिफारिस गरे । जोसेफ ब्रानलीले सन् १८३२ मा गलगाँडको उपचारमा आयोडिनको प्रयोग गर्न सकिने उपाय सुझाए । नुनमा आयोडिन हालेर हाम्रो देशको तराई क्षेत्रका कतिपय बासिन्दाको शरीरमा देखिएको आयोडिन डिफिसेन्सी डिसअर्डरको उपचार गर्न सुरु पनि गरियो । संयुक्त राज्य अमेरिकाको उत्तर-पश्चिम क्षेत्रमा पनि गलगाँड (गोइटर) बेल्ट रहेको तथ्य सन् १९२० मा बाहिरियो । चीन, भारतलगायतका देशमा बसोबास गर्ने कतिपय मानिसमा पनि गलगाँडलगायतका स्वास्थ्य समस्या देखिएको थियो । डेभिड कोभीले सन् १९२२ मा नुनमा आयोडिन हालेर आयोडिन डिफिसेन्सी डिसअर्डर हटाउन सकिने अमेरिकी सरकारसमक्ष प्रस्ताव राखे । प्रस्ताव पारित भयो । त्यसपछि अमेरिकालगायत विश्वका धेरै देशले यसलाई लागु गरे । नेपालको हिमालय सीमा वारिपारिका भेगमा प्राप्त रकसाल्टको खानीबाट प्रशोधित नुन अथवा प्राचीन समुद्री बेल्टबाट प्रशोधित नुन नेपालीले सेवन गर्दै आइरहेका थिए। त्यो समयमा ढिके नुनमा भएको आयोडिन नष्ट हुन नदिने अहिलेको जस्तो वैज्ञानिक उपाय भएनन् । लामो समयदेखि खुला बोरामा नुन ल्याउने परम्परागत शैलीले निरन्तरता पाउँदै आयो। नुनले भरिएको बोराको मुखलाई खुला राखिन्थ्यो। त्यसो हुँदा घाम आदिले नुनमा रहेको आयोडिन उडेर जान्थ्यो। परिणामतः आयोडिनको अभावले कतिपय नेपालीलाई गलगाँड, सुस्त मनस्थिति, लठेब्रोपनालगायतका स्वास्थ्य समस्या भए । नेपाल जस्तै पाकिस्तान, भारतको उत्तरी भाग, भुटान जस्ता हिमाली देशमा आयोडिनको कमी हुने भएकाले यस क्षेत्रका मानिसको स्वास्थ्यमा 'आयोडिन डिफिसेन्सी डिसअर्डर' भएको भनी हिमाली क्षेत्रलाई 'हिमालयन गोइटर बेल्ट' टर्मिनोलोजीबाट सम्बोधन गर्ने मौका पाए ।

> हामीले अहिले खाइरहेको आयोडिनयुक्त नुनमा आयोडिनको मात्रा बढीमा कति मिलिग्राम प्रतिकिलोग्राम हुनुपर्ने हो ? आयोडिनयुक्त नुनको अनिवार्य गुणस्तर मापदण्डमा तोकिएको पाइँदैन । शरीरमा आयोडिनयुक्त नुनजन्य जैविक-रासायनिक सन्तुलनको उपयुक्त मात्रामा गडबडी आउँदा स्वास्थ्य समस्या पैदा हुने गरेको नेपाली समाजले महसुस गर्दै आएको छ ।



शैलेन्द्रबहादुर थापा

**आयोडिनयुक्त नुन धेरै खाँदा समस्या**

नेपाल सरकारको पहिलो पब्लिक प्राइभेट पार्टनरसिप मोडेल संस्थाका रूपमा 'आयोडाइज्ड कमन साल्ट' उपलब्ध गराउने उद्देश्यले १३ सेप्टेम्बर १९६३ मा भारतबाट आयोडिनयुक्त नुन आपूर्ति गर्ने गरी साल्ट ट्रेडिङ कर्पोरेसनको स्थापना भयो । यसले नियमित रूपमा भारतमा आयोडिन हालिएको नुनलाई प्याकेजिङ गरी नेपालमा आपूर्ति गर्दै आइरहेको छ। अहिले नेपाल सरकारले नुनमा ५० पार्टस परमिलियन (पिपिएम) आयोडिनको मात्रा हालेर आयोनुन उपलब्ध गराइरहेको छ। हाम्रो सरकारले सन् १९७० मा देशमा आयोडिन डिफिसेन्सी डिसअर्डर रहेको तथ्य सार्वजनिक गर्दै सन् १९७३ मा पहिलो नेसनल आयोडिन डिफिसेन्सी डिसअर्डर कन्ट्रोल प्रोग्राम चलायो। सरकारले सन् १९७९ मा युनिसियफको सहयोगमा आयोडाइज्ड इन्जेक्सन दिन सुरु गर्‍यो। भारत सरकारले सन् १९८४ देखि दिल्लीमा आयोडिनरहित नुन बिक्रीमा प्रतिबन्ध लगाउने अधिसूचना जारी गर्‍यो । सन् १९९३ मा आयोडिनको कमीबाट हुने स्वास्थ्य समस्या रोक्न नुनमा आयोडिन हाल्नुपर्ने सरकारी आदेश जारी भयो । चीन सरकारले पनि सन् १९९५ मा आयोडिनयुक्त नुनको प्रयोगलाई अनिवार्य गर्‍यो। नेपालमा सन् १९९८ मा लागु भएको 'आयोडाइज्ड साल्ट एयक्ट' ले खाने नुनमा अनिवार्य आयोडिन हालेको हुनुपर्ने व्यवस्था गर्‍यो । यो समयमा ढिके नुन खाँदा गलगाँड आउँछ भनी गलत प्रचारबाजी गरिएको कतिपय सरोकारवालाको बुझाइ छ । राज्य संयन्त्रले यो बुझाउन चाहेन वा सकेन कि ढिके नुन खाएकै कारणले गलगाँड आउने होइन, गलगाँड आउनुभन्दा अगाडि नै खुला ढिके नुनमा भएको आयोडिन नष्ट नहुने गरी वा ढिके नुनमा आयोडिनको आवश्यक मात्रा हालेर सेवन गर्दा गलगाँडलगायतका समस्या समाधान हुन्छ भन्ने बोध नेपाली उपभोक्तालाई नगराइएको हुन सक्छ । वर्षा, हिउँ, भिरालो जमिनी भूभाग आदिका कारणले नेपालमा अक्सर पहाडी तथा तराई भूभागको माटो रहेको आयोडिन पखालिन्छ, त्यस्तो खाले माटोमा आयोडिन उपलब्ध हुन नसक्ने विज्ञहरू बताउँछन् । देशको भौगोलिक बनोट, वातावरणीय कारणले खाद्यवस्तुमा आयोडिन पर्याप्त नहुने पोषणविद् बताउँछन् । सन् १९९० को दशकमा नेपालका लागि उच्च आयोडिन स्तर अनिवार्य गरेको थियो । किनकि त्यो समयमा नुनको ढुवानी र भण्डारण गर्दा लामो समय लाग्दथ्यो । नुनलाई मानिस र जनावारको पिठिउँमा बोक्दा त्यो समयसम्म आयोडिनको केही मात्रा घट्न सक्थ्यो । मूलतः देशका दुर्गम क्षेत्रका बजारमा नुन त पुग्यो तर अहिले देशका कुनाकाप्चासम्म सडक पुगेपछि ढुवानीको समय निकै कम लाग्न गई आयोडिन पनि छिट्टै नष्ट हुन नपाउने हुँदा नुनमा त्यस्तो उच्च मात्रामा आयोडिनको आवश्यकता नरहन सक्छ भनी कतिपय चिकित्सक बताउँछन् ।

*–गोरखापत्र*

जनहितमा जारी सन्देश
- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुर्‍याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

सान्नी त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मेहलमुडी, कालीकोट

जनहितमा जारी सन्देश
- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुर्‍याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पडेक्षा, कालीकोट

जनहितमा जारी सन्देश
- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुर्‍याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

सिमकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमकोट, हुम्ला

# प्रदेश सरकारद्वारा पाँच सय छ किलोमिटर सडक निर्माण

नमस्ते समचारदाता
सुर्खेत, कार्तिक/०३




सुदूरपश्चिम प्रदेश सरकारले एक वर्षमा प्रदेशभरि ५०६ किलोमिटर सडक निर्माण गरेको छ । सरकारले आर्थिक वर्ष २०८०/८१ मा सो सडक निर्माण गरेको हो । सो आवको फागुन मसान्तसम्म २१ किलोमिटर कालोपत्रे सडक, २७५ किलोमिटर ग्राभेल सडक र २२० किलोमिटर कच्ची सडक बनेको प्रदेश सरकारको चालु आवको संशोधित बजेटमा उल्लेख छ । यसअघि आव २०७९/८० मा प्रदेश सरकारले यो प्रदेशमा ४१७ किलोमिटर सडक निर्माण गरेको थियो । सरकारले प्रदेशको नौ वटै जिल्लामा एक/एक वटा प्रादेशिक गौरवका सडक निर्माणलाई अगाडि बढाएको छरु। ती सडकको निर्माण प्रगति भने अझै पनि न्यून रहेको छ । प्रदेश गौरव र बहुवर्षीय आयोजनाको निर्माण सम्पन्न गर्न सडक तथा सडक पुल पूर्वाधारको गत विगतको करारीय दायित्व र प्रदेश सरकारको स्रोत सीमिततालाई ध्यानमा राख्दै उच्च प्राथमिकतामा राखेको आर्थिक मामिलामन्त्री बहादुरसिंह थापाले बताउनुभयो । स्रोत अभाव हुन नदिन प्रदेश गौरव र बहुवर्षीय आयोजनाका लागि प्रदेश सरकारले चालु आवमा आवश्यक व्यवस्था मिलाएको उहाँले उल्लेख गर्नुभयो । यस्तै हालसम्म पनि सडक सञ्जालसँग नजोडिएको बझाङको साइपाल, बैतडीको सिगास र दार्चुलाको अपि हिमाल गाउँपालिकाको केन्द्र जोड्ने सडक निर्माणलाई प्रदेश सरकारले उच्च प्राथमिकतामा राखेको छ । त्यस्ता सडक निर्माणका लागि चालु आवमा प्रदेश सरकारले बजेट विनियोजन गरेको छ । साथै सडक सञ्जाल नपुगेका दुर्गम एवं ग्रामीण क्षेत्रमा आधार भूत सेवालाई सहज र पहुँचयोग्य बनाउन झोलुङ्गे पुल निर्माणलाई निरन्तरता दिइएको छ । यसैबिच सुदूरपश्चिम प्रदेशमा विद्युत् उत्पादनमा सामान्य वृद्धि भएको छ। २०८० को फागुन मसान्तसम्म यो प्रदेशमा १७१ मेगावाट विद्युत् उत्पादन भएको छ भने विद्युत्को पहुँच पुगेको जनसंख्या ८३.५ प्रतिशत पुगेको छ । आव २०७९/८० मा १२० मेगावाट विद्युत् उत्पादन गरिएको थियो भने विद्युत्को पहुँच पुगेको जनसंख्या ७३ प्रतिशत रहेको थियो । राष्ट्रिय जनगणनाको तथ्याङ्क अनुसार सुदूरपश्चिममा ५३.३३ प्रतिशत घरधुरीमा खानेपानीको धारा जडान भएको छ । आव २०८०/८१ को फागुनसम्म प्रदेश सरकारले निर्माण गरेको आधारभूत खानेपानी सेवाको विस्तारबाट २१ हजार ९५ जना र मध्यस्तरको खानेपानी सेवा विस्तारबाट ८८ हजार ९९२ जनालाई स्वच्छ खानेपानी सेवा उपलब्ध भएको जनाइएको छ ।

# मर्मत भएन अस्पताल जाने सडक

नमस्ते समचारदाता
बैतडी, कार्तिक/०३



स्थानीय तहले खनेका अधिकांश सडक बर्खाको भलले बगाउँदा बजेट खेर गएको छ भने अस्पताल जाने बाटो नहुँदा सुत्केरीको मृत्यु भएको छ । गाउँपालिकाले प्रसूति केन्द्र बन्द गर्ने निर्णय गरेपछि गएको असोज १५ गते पञ्चेश्वर गाउँपालिका-१ की सुत्केरी महिला मनीषा घटालको अकालमै मृत्यु भएको छ । भलले बगाएका ग्रामीण सडकमा पैदल हिँड्नसमेत अप्ठ्यारो भएको छ । अस्पताल लैजाने बाटो बर्खाको भलले बगाएपछि प्रसूति व्यथा लागेकी मनीषालाई समयमै स्वास्थ्य संस्था पुऱ्याउन नसक्दा अकालमै ज्यान गएको स्थानीय लोकेन्द्र घटालले बताउनुभयो । उहाँले जनप्रतिनिधिले पञ्चेश्वर गाउँपालिका-१ को शेरी बैसेकलगायतका गाउँ जाने बाटो मर्मत गर्न चासो नदेखाएको गुनासो गर्नुभयो । सडक मर्मत गर्ने विषयमा वडा कार्यालयसँग आर्थिक अधिकार र बजेट नभएको पञ्चेश्वर गाउँपालिका-१ का वडाध्यक्ष देवानीराम सार्कीले बताउनुभयो । उहाँले भन्नुभयो, "वडा कार्यालयसँग एउटा डटपेन किन्ने अधिकार पनि छैन । अधिकार प्राप्त गाउँपालिकाले प्रसूति केन्द्र बन्द गर्ने निर्णय गरेको छ। सडक बाटो मर्मत नहुँदा सुत्केरी र बिरामीलाई स्वास्थ्य केन्द्र पुग्न कठिनाइ भएको छ ।" वडाध्यक्ष सार्कीले थप्दै अगाडि भन्नुभयो, "गाउँपालिकाले बाटो सफा गर्न २० लाख छुट्याएको छ तर पञ्चेश्वर-१ को बाटो मर्मत भएको छैन । गाउँपालिकाले वडामा भएको प्रसूति केन्द्र बन्द गर्ने निर्णय गरेर स्वास्थ्यकर्मी फिर्ता बोलायो । सडक मर्मत गर्न पनि ढिलाइ भएको छ । सुत्केरीको मृत्युपछि स्थानीय ८० जनाले प्रसूति केन्द्र सञ्चालन गर्नुपर्ने माग लिएर वडा कार्यालय घेर्न आएपछि प्रसूति केन्द्र सञ्चालन गरिदिन गाउँपालिकमा निर्णय गरी पठाएका छौँ ।" गाउँपालिकाका अध्यक्ष गोरखबहादुर चन्दले बाटो मर्मत नभएका ठाउँमा एक/दुई दिनभित्र काम सुरु हुने बताउनुभयो । प्रसूति केन्द्रका विषयमा भने गाउँपालिका अध्यक्ष चन्दले स्वास्थ्य चौकीनजिक भएका प्रसूति केन्द्र बन्द गरिएको बताउनुभयो । उहाँले भन्नुभयो, "पालिकामा प्रसूति गराउने तालिमप्राप्त जनशक्ति पनि कम छ। पञ्चेश्वर गाउँपालिका-१ मा स्वास्थ्य चौकीनजिकै भएकाले त्यहाँको प्रसूति केन्द्र जनशक्ति अभावका कारण बन्द गर्नु परेको हो। सडक सुचारु भएपछि बिरामी र सुत्केरी महिलालाई सहज हुने छ।"

# बेमौसमी तरकारीको मूल्य अस्थिर हुँदा किसान मर्कामा

नमस्ते समचारदाता
सल्यान, कार्तिक/०३



बडादशैं अघिसम्म उच्च रहेको सल्यान कपुरकोटको तरकारीको भाउ अस्थिर बनेको छ । शहर बजारमा बसोबास गर्ने अधिकांश नागरिक दशैं मनाउन गाउँघर फर्केसँगै बजारमा तरकारीको खपत कम हुँदा मूल्यमा पनि गिरावट आएको हो । बजारक्षेत्रमा बस्ने शिक्षक, विद्यार्थी, व्यापारीदेखि मजदुर सम्म अधिकांश चाडपर्व मनाउन गाउँघर फर्केका छन् । जसले गर्दा तरकारीको कारोवार कम हुँदा कपुरकोटको बेमौसमी तरकारीको भाउमा पनि गिरावट आएको हो । दशैंअघिसम्म प्रतिकिलोकै एक सय ४० रुपैयाँ थोक मूल्यमा बिक्री भएको टमाटर शुक्रबार ७० रुपैयाँ प्रतिकिलोमा बिक्री भएको छ । करिब दुई साताको अवधिमा टमाटरको थोक मूल्य आधाले घटेको छ । टमाटर मात्रै होइन, कपुरकोट हाटबजारमा थोकमा बिक्री हुने प्रायः सबै तरकारीको मूल्यमा गिरावट आएको छ । दशैंअघिसम्म एक सय १५ रुपैयाँ प्रतिकिलोमा बिक्री भएको फूलगोभी अहिले घटेर ६० रुपैयाँमा कारोबार भएको छ । यस्तै एक सय पाँच रुपैयाँ प्रतिकिलोमा कारोबार भएको मोटो खुर्सानी अहिले ७५ रुपैयाँ प्रतिकिलो, प्रतिकिलो १ सय १५ रुपैयाँमा कारोबार भएको सिमी अहिले ६० रुपैयाँ, प्रतिकिलो २० रुपैयाँमा कारोवार भएको मुला १५ रुपैयाँमा, प्रतिकिलो ६० रुपैयाँमा कारोबार भएको कागती ५० रुपैयाँमा, ५५ रुपैयाँमा कारोवार भएको तिते करेला ५० रुपैयाँमा, एक सय ४० रुपैयाँ प्रतिकिलोमा बिक्री भएको राजमा सिमी ८० रुपैयाँ र प्रतिकिलो एक सय ६५ रुपैयाँमा बिक्री भएको धनिया एक सय २० रुपैयाँमा कारोवार भएको कपुरकोट कृषि उपज बजार सञ्चालक समितिले जनाएको छ । पछिल्लो दुई सातायता तरकारी हाटबजारमा बन्दागोभी, भेडे खुर्सानी, अकबरे खुर्सानी, काँक्रालगायतका तरकारीको भाउ भने स्थिर जस्तै छ । कपुरकोट कृषि उपज बजार सञ्चालक समितिका अध्यक्ष तिलक शर्माले हाटबजारमा तरकारीको भाउ केही तलमाथि हुनुलाई अस्वाभाविक मान्न नहुने बताउनुभयो । सोह्रश्राद्धदेखि दशैंको बेलासम्म उच्च माग भएको तरकारीको हाल माग केही कम भए पनि तिहार छठ जस्ता पर्व आउन थालेकाले क्रमिक बढ्ने उहाँको भनाइ छ । 'केही महिना अघिसम्म २५/३० रुपैयाँ प्रतिकिलोमा बेचेको टमाटर अहिले ७० रुपैयाँमा बिक्री भएको छ, गत वर्ष १०/१२ रुपैयाँमा बिक्री नभएको बन्दागोभी अहिले ३० रुपैयाँ प्रतिकिलोमा बिक्री भएको छ, तरकारीको बजारभाउ सधैं अस्थिर नै हुन्छ' उहाँले भन्नुभयो 'दशैंअघिको मूल्यलाई हेर्दा भाउ केही तलमाथि भएको छ, तर किसानको लागत नै नउठ्ने गरेर भाउ घटेको छैन्, अहिलेकै मूल्यमा बेच्दा पनि किसानलाई फाइदा नै हुन्छ, नोक्सानी हुँदैन ।' सरकारले तरकारीको बजारमूल्य निर्धारणको मापदण्ड तय गर्न नीति नबनाउँदा भाउ घटबढ भएको उहाँको भनाइ छ । 'सरकारले नीति नै बनाएको छैन, कुन आधारमा तरकारीको भाउ कति तोक्ने? रु मापदण्ड नै केही छैन, अहिलेसम्म त पालिकाकै पहलले गर्दा किसानले एकीकृतरुपमा तरकारी बेच्न पाएका छन् तर मूल्य निर्धारणमा समस्या छ' उहाँले भन्नुभयो -'तरकारीलाई २/४ दिन होल्ड गर्दा कुहिएर खेर जाने भएकाले व्यापारीले भनेकै मूल्यमा बेच्नुपर्ने बाध्यता छ।' अध्यक्ष शर्माले मुख्य सिजनमा हाटबजार लागेको दिनमा मात्रै ६० लाख बढीको तरकारी बिक्री भएको भए पनि अहिले तरकारीको उत्पादन घटेकाले हाटबजारको दिनमा करिब २० लाखको तरकारी बिक्री हुने गरेको बताउनुभयो । 'तरकारीको उत्पादन हुने क्षेत्र कम हुँदा तरकारी कम उत्पादन भएको हो, नत्र यो वर्ष बजार भाउले त राम्रो साथ दिएको छ' उहाँले थप्नुभयो- 'तराई क्षेत्रमा तरकारी उत्पादन नभएसम्म कपुरकोटमा हाटबजार चलिरहन्छ, मंसिरसम्म सञ्चालन हुन्छ भन्ने आँकलन छ ।' गत सिजनमा मात्रै कपुरकोट क्षेत्रबाट ४८ लाख ५७ हजार दुई सय ४६ किलो ताजा तरकारी तथा फलफूल बिक्रीबाट २६ करोड ६४ लाख ४९ हजार आठ सय ६१ रुपैयाँ किसानले हात पारेका थिए । कपुरकोट क्षेत्रका करिब ३२ सय घरधुरीले बेमौसमी तरकारी खेती गर्दै आएका छन् ।

## रवि...

जतिसुकै बलशाली मानिस भए पनि लोकतन्त्रमा प्रश्न र कानूनभन्दा माथि कोही हुन नसक्ने उनको भनाइ थियो । शनिबार काठमाडौँको माइतीघर मा भेला भएर रविलामिछाने पक्षधरहरुले विरोध प्रदर्शन गरेका हुन् । माइतीघरबाट सुरु भएको विरोध ऱ्याली बिजुलीबजार पुगेर पुनः माइतीघर फर्किएको थियो । प्रदर्शनमा सहभागीहरुले 'सहकारी पीडितलाई न्याय दे, भ्रष्ट सरकार मुर्दावाद, दोषीलाई च्याप्ने, निर्दोषलाई न्याक्ने, भाटभूटानी सरकार मुर्दावाद, सरकार मऱ्यो, जनतालाई जुठो पऱ्यो'लगायतका प्लेकार्ड बोकी नारा लगाएका थिए । लामिछानेलाई सहकारी प्रकरणमा रकम हिनामिना गरेको आरोपमा अदालतको अनुमतिपछि प्रहरीले शुक्रबार साँझ पार्टी केन्द्रीय कार्यालयबाट पक्राउ गरी पोखरा पठाएको थियो ।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अब तपाईहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक
ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:

आकर्षक भिते घडी
यतिमात्र होईन... साथमा बम्पर उपहार

रंगिन टिभी एकजनालाई
१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
...लपुर, न्यरोड बाँके फोन नं. ९८४८२४६९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलंगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा

# नाम गौरवका योजना, काम अलपत्र

नमस्ते समचारदाता
रुकुम पश्चिम, कार्तिक/०३




विकासको कुरा गर्दा सधैँ चर्चामा रहने रुकुमपश्चिमका तीन गौरवका योजना वर्सौंदेखि अलपत्र अवस्थामा छन् । चौरजहारी नगरपालिका-१ मा रहेको चौरजहारी विमानस्थल बन्द अवस्थामा छ भने रुकुमपश्चिम र जाजरकोट जोड्ने भेरी नदी र मुसीकोटको पितिबाङखोला माथिको पक्की पुल अलपत्र अवस्थामा छन् । भेरी नदीमाथिको पुल मध्ये पहाडी राजमार्ग अन्तर्गत पर्छ भने पितिबाङखोला माथिको पुल राप्ती राजमार्ग अन्तर्गत पर्छ । जिल्लाको विकासका लागि गौरव योजनाका रूपमा रहेका यी योजना वर्सौंदेखि अलपत्र हुँदा स्थानीयवासीले सहज यातायात सेवा लिन पाएका छैनन् । २०२८ सालदेखि सञ्चालनमा आएको चौरजहारी विमानस्थल २०७० सालको फागुनबाट सञ्चालनमा छैन । रुकुम, सल्यान र जाजरकोट जिल्लालाई लक्षित गरी निर्माण गरिएको यो विमानस्थल कालोपत्रे गरिएपछि बन्द भएको हो । बरु कालोपत्रे नहुँदा चल्ने गरेको यो विमानस्थल कालोपत्रे भएपछि बन्द हुँदा यहाँका बासिन्दा अचम्म परेका छन् । २०७० फागुनदेखि २०७२ भदौसम्म धावनमार्ग कालोपत्रे गरिएको थियो । पाँच करोड ५९ लाख ४९ हजार ९५२ रुपियाँको लागतमा धावनमार्ग कालोपत्रे भएपछि यहाँ जहाज आउनै छोडेका छन् । विमानस्थल सञ्चालनमा आउने सुरसार छैन । स्थानीय तेजबहादुर विष्टले करोडौँको सरकारी बजेट खर्चिएको विमानस्थल बन्द हुनु लाजमर्दो भएको उहाँले बताउनुभयो । उहाँले चाडपर्वको बेला कच्ची सडकमा जोखिमपूर्ण यात्रा गर्दै आउनुपर्ने बाध्यता रहेको बताउनुभयो । उहाँले भन्नुभयो, “न गतिलो सडक बनेको छ, न भएको एयरपोर्टमा जहाज आउँछ । राज्यको ठुलो सम्पति खेर गइरहेको छ, जनताले कष्ट भोगिरहेका छन् ।” चाडबाडको बेला सहरबजार तथा परदेशबाट घर फर्कनेको भिडले गाडीको यात्रा उत्तिकै चुनौतीपूर्ण रहेको छ ।

**राजमार्गका पुल अलपत्र**

चौरजहारी नगरपालिका-२, अधेरेबाट जाजरकोटको भेरी नगरपालिका-१३, कुदु जोड्ने गरी भेरी नदीमा पुल बनाउन २०६९ सालमै वाइपी कन्स्ट्रक्सन प्रालिले ठेक्का पाएको थियो । तीन वर्षमै निर्माण सम्पन्न गर्ने जिम्मा पाएको उक्त कम्पनीले दुवैतर्फ सामान्य पिल्लर मात्रै खडा गरेर हाल सम्म काम अलपत्र पारेको छ । मध्यपहाडी राजमार्ग आयोजना कार्यालय दैलेखका इन्जिनियर अमितकुमार मण्डलका अनुसार उक्त ठेक्का रद्द गरेर नयाँ ठेक्का प्रक्रिया सुरु गर्दा पनि ठेक्का लाग्न सकेको छैनरु। दुई पटक ठेक्का खोल्दा पनि ठेक्का नलागेकाले अब के गर्ने भन्नेबारेमा छलफल भइरहेको उहाँले जानकारी दिनुभयोरु पुल नबन्दा सडक आयोजनाको स्तरोन्नति र कालोपत्रेको कामसमेत प्रभावित भएको छ भने राजमार्गको रुकुमपश्चिम खण्डबाट जाजरकोट यातायातका साधन आउजाउ गर्ने बाटोसमेत खुलेको छैन । राप्ती राजमार्ग अन्तर्गत मुसीकोट नगरपालिका ११ र १२ जोड्ने पितिबाङखोलामा निर्माण थालिएको पक्की पुल पनि ठेक्का सम्झौता भएको पाँच वर्षदेखि अलपत्र छ । उक्त पुल निर्माणका लागि संरक्षण निर्माण सेवा प्रालि चितवन र सडक डिभिजन कार्यालय चौरजहारीबिच २०७६ साल असार ८ गते सम्झौता भएको थियो । सो सम्झौता अनुसार काम हुन सकेको छैन । जिल्ला प्रवेशको मुख्य नाकानजिक रहेको खोलामा पुल नहुँदा सर्वसाधारणले सास्ती पाउने गरेका छन् । सडक डिभिजन कार्यालय चौरजहारीका प्रमुख तेजस्वी शर्माले पटक पटक ताकेता तथा सार्वजनिक सूचना जारी गर्दा पनि ठेकेदार कम्पनीले अटेरी गरिरहेको बताउनुभयो ।

# दुर्घटनाबाट जोगाउने सुरक्षा बार जीर्ण

नमस्ते समचारदाता
कालीकोट, कार्तिक/०३



सुर्खेत-जुम्ला कर्णाली राजमार्गको जोखिमयुक्त सडकखण्डमा सवारीसाधनको दुर्घटना रोक्न लगाइएको फलामे बार जीर्ण बन्दै गएका छन् । सहायक सडक निर्माण गर्ने क्रममा र बेला बेला झर्ने पहिरोका कारणले फलामे बार जीर्ण हुँदै गएको हो । फलामे बार जीर्ण हुँदै गएपछि कर्णाली राजमार्गमा थप जोखिम बढेको छ । सडक डिभिजन कार्यालय जुम्लाले फलामे बार लगाएरदुर्घटना रोक्ने प्रयास गरेको थियो । सुर्खेत जिल्लाको कल्यान काँधदेखि जुम्ला सदरमुकामसम्म फलामे बार लगाइएको छ । कर्णाली राजमार्गको स्तरोन्नति सँगै रात्रिकालीन यातायात सञ्चालन मा आउन थालेपछि दुर्घटना हुन थालेको सरकारले सोचेपछि रातिको समयमा यस राजमार्गभित्र यातायातका साधन सञ्चालनमा रोक लगाइएको छ तर पनि दुर्घटना नरोकिएपछि फलामे बार लगाएर दुर्घटना रोक्ने प्रयास गरिएको थियो । अहिले त्यही सुरक्षा बार कतै पहिरोले बगाएको छ भने कतै सडकमा थुप्रो परेको माटो हटाउने क्रममा निर्माण व्यवसायीको लापर्बाहीले भाँच्चिसकेका छन् । साँघुरो बाटो, पुराना थोत्रा यातायातका साधन, क्षमताभन्दा बढी यात्रुको चाप र चालकको चरम लापर्बाहीले नै बढी दुर्घटना हुने गरेको प्रहरीको भनाइ छ । कर्णाली राजमार्गको बाटो निकै साँघुरो छ, यसैमा क्षमताभन्दा बढी यात्रु बोक्ने र मालवाहक गाडीले पनि सामानको भार निकै पार्ने भएकाले दुर्घटना हुने गरेको जिल्ला ट्राफिक कार्यालय कालीकोटका इन्चार्ज प्रहरी सहायक निरीक्षक टोपबहादुर महताराले बताउनुभयो । उहाँले जति सचेतीकरणका कार्यक्रम सञ्चालन गरे पनि यस राजमार्गमा सञ्चालन हुने गाडीचालक र गाडीमालिकले अटेर गर्दै आएको उहाँले बताउनुभयो । सरकारले कर्णाली राजमार्गमा हुने दुर्घटना रोक्नका लागि सडक कालोपत्रे, मोडको स्तरोन्नति, पर्खाल र कहालीलाग्दो भिरमा फलामे बार लगाएको छ । फलामे सुरक्षा बारले गर्दा चालकदेखि यात्रुले पनि सुरक्षित भएको महसुस गर्न थालेका थिए । पहिला आँखा घुमेर रिङ्गटा लाग्ने भिर देख्दा सातो जाने यस राजमार्गमा फलामे सेफ्टिबारले गर्दा केही सुरक्षित महसुस हुने गरेको चालक बताउँछन् तर अहिले त्यही सुरक्षा बार पनि नहुँदा पहिलेको जस्तै त्रास बढेको छ । खाँडाचक्र नगरपालिका-१ का वडाध्यक्ष धर्मराज ताम्राकारले घुम्ती र भिरालो ठाउँमा फलामे सुरक्षा बारले दुर्घटना हुनबाट जोगाउने गरेको भए पनि तिनै सुरक्षा बार जीर्ण हुँदा त्रास बढ्दै गएको बताउनुभयो । विगतमा सुरक्षा बार नहुँदा दैलेखको कल्यान, किट्ठु र कालीकोटको सेरावाडा स्थित बिर्तामोड, जुम्लाको रारालिहीमा ठुला दुर्घटना भएका थिए । जसबाट ठुलो धनजनको क्षति भएको थियो । कर्णाली राजमार्गलाई कालमार्गको संज्ञा दिइएको थियो ।

## नेपालको संबिधानका मुख्य विशेषताहरू

- जननिर्वाचित संविधानसभाबाट जारी भएको पहिलो संविधान,
- सार्वभौमसत्ता एवम् राजकीय सत्ता नेपाली जनतामा निहित,
- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था,
- संसदीय शासन प्रणाली, स्वतन्त्र न्यायपालिका,
- धर्मनिरपेक्षता तथा समावेशीकरणको सिद्धान्तलाई आत्मसात,
- आवधिक, प्रत्यक्ष र समानुपातिकसहितको मिश्रित निर्वाचन प्रणाली,
- मानव अधिकार र विधिको शासनको प्रत्याभूति,
- संबिधानवाद एवम् लोकतान्त्रिक मुल्यमान्यतामा आधारित ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## संबिधान दिवस भब्य रुपमा मनाऔं

- नेपालको संबिधान जारी भएको दिन असोज ३ गते संबिधान दिवस राष्ट्रिय उत्सवका रुपमा मनाऔं ।
- संघ, प्रदेश र स्थानीय तहमा विविध कार्यक्रमको आयोजना गरौं, संबिधान दिवसको महत्व बढाऔं ।
- प्रत्येक नागरिकले असोज २, ३ र ४ गते घर-घरमा राष्ट्रिय झण्डा फहराऔं, दीपावली गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# ट्रक दुर्घटनामा चालकको मृत्यु



नमस्ते समचारदाता
कालीकोट, कार्तिक/०३

कालीकोटको तिलागुफा नगरपालिका-६ खल्लामा ट्रक दुर्घटना हुँदा चालकको मृत्यु भएको छ । सुर्खेतबाट समान बोकेर जुम्ला जाँदै गरेको लु १ क ३९३० नम्बरको ट्रक खल्लाको मोडबाट तल खसेर दुर्घटना भएको हो । दुर्घटनामा परी चालकको मृत्यु भएको छ । चालकका नाम बमबहादुर खड्का भने अपुष्ट खबर छ । स्थानीय जीवन शाहीले चालक बमबहादुर खड्का भएको बताउनुभयो । ट्रकमा रहेका तीन जना घाइते भएका छन् । घाइते हुनेमा सहचालक रामबहादुर बिक, कालीकोट ठेगाना भएका आमा छोरी एकुमाया उपाध्याय र उहाँको छोरी ग्रिस्मा उपाध्याय रहेका छन् । जिल्ला ट्राफिक कार्यालयका प्रमुख प्रहरी सहायक निरीक्षक टोपबहादुर महताराले दुर्घटनामा परी घाइते भएका तीनै जनालाई उपचारका लागि कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्ला पठाइएको बताउनुभयो ।

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेलः namastekarnali1@gmail.com मुद्रणः गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके